**संविधानसभाका लागि नेपाली मुस्लिमहरुको मागहरु**

१. जनआन्दोलन ०६३ मा देशको लागि प्राणको आहुति दिनेहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाईतेहरुको शिर्घ स्वास्थ्यलाभको कामना र उचित क्षतिपूर्ति दिईनु पर्दछ ।

२. मिति २०६३ /०२/०४ मा घोषित प्रतिनिधि सभा घोषणा पत्र ०६३ लाई स्वागत एवं समर्थन गरिन्छ । नेपालराज्यको संविधान ०४७ ले नेपाल बहुजातिय बहुधार्मिक एवं बहुसा‘‘स्कृतिक देश भएको तथ्यलाई स्वीकार गरेपछि राज्यको संचालनमा बहुधार्मिकता र बहुजातियतालाई संवोधन गर्ने कुनै व्यवस्था थिएन । हिन्दु अधिराज्य भनि संविधानको प्रारम्भमा नै किटानी गरी दिनाले गैर हिन्दुलाई पाखा लगाइएको थियो तसर्थ नेपाल धर्म निरपेक्ष राज्य घोषणा गरिनु पर्छ भन्ने नेपाली मुश्लिमहरुको माग थियो । संसदको घोषणा पत्र ०६३ ले नेपाल राज्यलाई धर्म निरपेक्ष राज्य घोषणा गरि सकेको छ । यसलाई यो भेला स्वागत गर्दछ । धर्म निरपेक्षतामा अल्पसंख्यक मुस्लिमको स्थान स्पष्ट र सुनिश्चित हुन जरुरी देखिन्छ । धर्म हरेक व्यक्तिस‘‘ग जोडिएको हुन्छ । राज्य कुनै धर्मको पक्ष वा विपक्षमा हुनु हुदैन । धर्म सम्बन्धी मामिला रराज्य संवन्धि मामिला अलग अलग हुन । मानवअधिकार र लोकतन्त्रका लागि धार्मिक स्वतन्त्रता अनिवार्य मानिन्छ । यसर्थ राज्य धर्मको मामिलामा तटस्थ हुनुपर्दछ । धर्म निरपेक्षताको मर्म अनुसार सबैले आ-आफ्नो धर्म अनुसारको जीवन व्यवस्था स्वतन्त्रता पूर्व अवलम्बन गर्न पाउनु पर्छ । व्यक्तित्व स्वतन्त्रता अनुसार कसैले पनि कुनै धर्म वा जीवन पद्दती निर्विवाद अपनाउन र त्यसको प्रचार प्रसार गर्न पूर्णत स्वतन्त्रता दिईनु पर्दछ ।

३. नेपाल सम्पूर्ण जातजाति र समुदायको साझा फूलवारी हो जवसम्म सबै जात जाति भाषा भाषी, समुदाय क्षैत्र, र संस्कृति अंगालेका मानिसहरुको राज्य संरचना र शासन प्रणालीमा समानुपातिक रुपमा प्रतिनिधित्व हुदैन तव सम्म राष्ट्रिय एकता सुदृढ र सबल हुन सक्दैन । राष्ट्रिय एकतालाई मजबुत बनाउन समानताको आधारमा राज्यको पुनर्संरचना गरी वास्तविक एकिकरण गर्नु पर्दछ । सबै समुदायका मानिसहरुको पहु‘‘च, विकास, एवं उन्नतिमा राज्यले समावेशीकरणको प्रबन्ध गर्नु पर्दछ । यसर्थ राज्यको मूल प्रवाहमा नेपाली मुसलमानहरुलाई समावेशीकरणको आधारमा राज्य संरचनामा सहभागिता गराउन आवश्यक छ ।

४. अल्पसंख्यक समुदायको हिसावमा नेपाली मुस्लिमहरु दोस्रो समुदायमा पर्दछन् । विना भेदभावको संवैधानिक राज्य प्रणाली बनाउन जरुरी छ । साथै जातिय सह-अस्तित्वलाई अवसर प्रदान गर्ने सहयोग मूलक राज्य प्रणालीको विकास गरी जातीय कलह र विखण्डनलाई दीर्घकालिनरुपमा रोकिनु पर्दछ । जनजाति र मुस्लिम अल्पसंख्यकहरलाई प्रोत्साहन हुनेगरी संविधानमा विशेष व्यवस्था गरिनु पर्दछ । शिक्षा, स्वास्थ्य, रोजगारी एंव व्यवसायमा अल्पसंख्यक मुस्लीमहरुलाई संविधान तह विशेष अनुसूचित सुविधा प्रदान गर्न उपयुक्त देखिन्छ । यस अन्तर्गत निश्चित प्रतिशत आरक्षणको व्यवस्था तोकिनु पर्छ । बहुधार्मिक, बहुजातीय, बहुभाषिक र बहुसा‘‘स्कृतिक राज्य व्यवस्थामा समन्यायिक आरक्षणको व्यवस्था गरिनु पर्दछ ।

५. राज्यको विकास, प्रगति र शान्तिका लागि राजनीतिज्ञ स्थिरता जरुरी छ । राज्ङ शक्तिमा सम्पूर्ण समुदायको समानुपातिक प्रतिनिधि भए पश्चात् मात्रै देशले अग्रगामी दिशा पहिल्याउन सक्छ । नेपालको राजनैतिक परिवेश दिनानुदिन परिवर्तन भइरहेको छ । यसर्थ, वर्तमान मन्त्रीपरिषद्, संविधान सभा पूर्व बन्ने अन्तरिम सरकार एवं अन्तरिम विधान र निकट भविष्यमा बन्न लागेको संविधान सभामा अल्पसंख्यक नेपाली मुस्लिमहरुलाई जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी आरक्षणको व्यवस्था गरिनु पर्छ । सबै देशमा विद्यमान निर्वाचन क्षेत्रको पुनः सिमांकनको आवश्यकता रहेको छ ।

६. नेपालमा ५९ वटा जनजातिलाई सूचिकृत गरिउको छ । तर अल्पसंख्यक नेपाली मुस्लिमहरुको स्थान स्पष्ट छैन । तथ्यांक विभागको जनगणनामा पनि कैयौं कमजोरीहरु भेटाईन्छन् । यसर्थ, नेपाली मुस्लिमहरुको वास्तविक तथ्यांक पत्ता लगाउन संविधान सभाको निर्वाचन पूर्व नया‘‘ जनगणना गराईनु पर्दछ । अल्पसंख्यक मुस्लिम समूदायको भाषा, धर्म, रितिरिवाज, संस्कृतिको संरक्षण एवं सम्बर्धन र गहन अध्ययन एवं अनुसन्धानको खा‘‘चो छ । इस्लाम र मुस्लिमहरुको पहिचानलाई जीवन्त राख्न संवैधानिक निकायको रुपमा मुस्लिम उत्थान आयोग र मुस्लिम प्रसलन ल को व्यवस्था गरिनु पर्दछ ।

७.  राज्य संरचनामा आमुल परिवर्तन गर्न र पाखा लगाईएका मुस्लिमहरुलाई प्रतिनिधित्वको सुनिश्चितताको लागि नया“ समावेशी संविधान अपरिहार्य छ । यस्तो संविधानमा मुसलिमहरुको स्थानको सुनिश्चितता हुनु पर्दछ । यसर्थ नया“ संविधानमा जातीय र क्षेत्रीय विभेदको अन्त गर्दै, निश्पक्षता र सामाजिक न्यायको प्रत्याभूति गरिनु पर्दछ ।

८.  संविधान सभाको निर्वाचन अगावै नागरिकताको प्रश्नको समाधान हुनुपर्दछ । वर्षौ देखि नेपालमा बसोबास गरेका यथेष्ठ प्रमाण हु“दा पनि कैयौं नेपाली नागरिक हुनबाट बञ्चित छन् । उनीहरु नेपाली नागरिक भए पनि नागरिकताको प्रमाण पत्रबाट बञ्चित हुनुपर्दछ । यसर्थ, नागरिकता प्राप्तीका लागि सरलीकरण गर्नु पर्दछ । उनीहरुलाई नेपालमा बसोबास गरी रहेको कुनै पनि आधिकारिक प्रमाणको आधारमा नागरिकता प्रदान गर्नु पर्छ ।

९.  शैक्षिक विकास र उन्नति कुनै पनि समुदायको प्रगतिको मापन हो । संविधान तह मुस्लिम समुदाको मातृभाषा उर्दुलाई राज्यले संरक्षण दिनुपर्छ । यसै गरी मदरशाहरुबाट प्रँप्त गरिएका प्रमाणपत्रहरुको समकक्षताको प्रमाणपत्र पाउन उचितन कानुनी व्यवस्था तोकिनु पर्दछ । मदरशा बोर्डको स्थापना गरी मदरशा सम्बन्धि सम्पूर्ण कार्य गर्ने अधिकार हुनु पर्दछ ।

१०.  ईदउलफित्र, ईदउलअजहा, हरजतमोहम्मद (स.) को जन्मदिन मोहर्रन, सबेवारात लगायतका इस्लामिक पर्वहरमा सार्वजनिक विदाको धोषणा गरिनु पर्दछ ।

११.  मर्सजद, मदरशा,कब्रिस्तान जस्ता ईस्लामिक धार्मिक स्थलहरको संरक्षण एवं सम्बर्धनको उचित कानुनी व्यवस्था गर्नु पर्छ ।

१२.  इस्लाम धर्ममा एउटा अनिवार्य स्तम्भ हज एवं उमरा गर्न हरेक वर्ष नेपालबाट सयौंको संख्यामा हाजिहरु म्क्कमा जाने गर्दछन् । यसर्थ यसको उचित व्यवस्थापन र विकास हुन जरुरी भएकोले एउटा स्थायी हज कमिटिको स्थापना गरिनु पर्दछ ।

प्रस्तुतकर्ता
लोकतान्त्रिक मुस्लिम एकता मंच
मंगलवा, सर्लाही